अनुसूची -२

(दफा ३ संग सम्वन्धित)

अमरगढी नगरपालिका

स्थानीय राजपत्र

| खण्ड: ३ | संख्या : ३ | मिति : २०७७।०६।०२ |
|---|---|---|

भाग-२

अमरगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

# अमरगढी नगरपालिका स्वास्थ्य तथा सरसफाई कार्य सञ्चालन तथा व्यबस्थापन कार्यविधि, २०७७

**प्रस्तावनाः**

नेपालको संविधानले स्वस्थ्यलाई मौलिक हकको रुपमा अङ्गिकार गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गर्दै स्वास्थ्य सेवा सबैको समान पहुँचको ब्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक सेवाबाट बञ्चिन नगरिने, प्रत्येक ब्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको ब्यवस्था गरे अनुसार नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच बढाउदै सबैको स्वस्थ जीवन प्रत्याभुत गरी दिगो बिकास सुनिश्चित गर्नु पर्ने दायितव अनुरुप आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले,"नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अमरगढी नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " अमरगढी नगरपालीका स्वास्थ्य तथा सरसफाई कार्यसञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकासित मिति देखि प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा;

(क) "कार्यविधि" भन्नाले अमरगढी नगरपालिकाको स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले अमरगढी नगर पालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजि" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु अमरगढी नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्र, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्था हुने छन् ।

(ख) निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु,औषधि पसल निजी स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. अमरगढी स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समिति गठन, काम, कर्तव्य र अधिकारः

(१) अमरगढी स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरुको उचित ब्यवस्थापन गर्न देहाय बमोजिमको स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि — सदस्य

(ग) एक जना महिला सहित कार्यपालीकाले तोकेको २ जना — सदस्य

(घ) स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट २ जना —सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेवीका संजाल नगरपालीका संयोजक वा प्रतिनिधि — सदस्य

(च) नगर क्षेत्र भित्र रहेका अस्पताल प्रमुखहरु मध्येबाट १ जना— सदस्य

(छ) नगर भित्र रहेका सरकारी अस्पताल प्रतिनिधी १ जना — सदस्य

(ज) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख — सदस्य सचिव

(२) स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) नगरपालिकाका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धि नगरकार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अध्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह द

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम,कर्तव्य र अधिकार

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाई(स्वास्थ्य संस्था ब्यवस्थापन समिति) ब्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाका छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ ।

(क) सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेकावडा सदस्य- अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये वडा समितिबाट मनोनित महिला- १ जना सदस्य

(घ) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक- सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव- सदस्य

(च) महिला स्वास्थ्य स्वयं सेवीका मध्येबाट १ जना - सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख- सदस्य सचिव

(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिको काम कर्तब्य निम्नानुसार हुनेछन्ः

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरुसंचालन गर्नसम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. बैंक खाता संचालनः हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्नेछः

(१) स्वास्थ्य संस्थाको वैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्थासञ्चालन मापदण्डः

(१) अस्पतालः नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैय्यासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्ने छ ।

(२) स्वास्थ्य चौकीः नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः छैठौ तह हे ई १ जना र बाँकी हे ई र नर्सिंगबाट ४ जना, आवश्यकता अनुसार सहयोगी कर्मचारीहरु ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पोषण कक्ष, स्तनपान कक्ष र बाथरुम जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण,

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पि चिकित्सा सेवाको प्रवद्र्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैय्यासम्मको संचालन अनुमती नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि अनुसुची १ बमोजिम तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशयपत्र प्रदान गर्न नगरकार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगरकार्यपालिकाले ६ महिनाको समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमाभित्र यसै कार्यविधि बमोजिम नक्सा पास गरी तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगरकार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गर्न वाध्य हुने छैन ।

१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः

नगरपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ।

(१) जनशक्तिः कम्तिमा १ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा हेल्थ असिस्टेन्ट ४, २ जना ल्याव टेक्निसियन र आवश्यकता अनुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्ने ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, पोषण कक्ष वा स्तनपान कक्ष भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष,पार्किङ

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्धुत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(४) छुटेका हकमा नेपाल सरकारको स्वास्थ्य संस्था दर्ताको मापडण्ड लागु गर्नु पर्नेछ ।

११. पोलि क्लिनिक/क्लिनिक संचालनको अनुमतीः

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(क) जनशक्तिः कम्तिमा १ जना एमविविएस डाक्टर, कम्तिमा ३ जना स्टाफ नर्स, कम्तिमा हेल्थ असिस्टेन्ट ३, १ जना ल्याव असिस्टेन्ट र आवश्यकता अनुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्ने ।

(ख) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, पोषण कक्ष वा स्तनपान कक्ष भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष,पार्किङ ।

(ग) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्धुत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(घ) छुटेका हकमा नेपाल सरकारको स्वास्थ्य संस्था दर्ताको मापडण्ड लागु गर्नु पर्नेछ ।

२. क्लिनिक संचालनको अनुमतीः

नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले क्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(क) जनशक्तिः कम्तिमा हेल्थ असिस्टेन्ट १, अनमी १जना र ल्याव असिस्टेन्ट १ जना साथै आवश्यकता अनुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्ने ।

(ख) भवन तथा कोठाः दर्ता चलानी, बिमारी जाँच कोठा, प्रयोगशाला ।

(ग) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, २४ घण्टा विद्धुत र खानेपानी सेवा भएको, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(घ) छुटेका हकमा नेपाल सरकारको स्वास्थ्य संस्था दर्ताको मापडण्ड लागु गर्नु पर्नेछ ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र ।

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम अध्ययन ३ वर्ष गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

(६) प्रस्तावित लागत ।

१३ फार्मेसी/मेडिकल संचालनको अनुमतीः

(१) नगरपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिका बाट अनुमति लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसीको प्रमाण पत्र गरी फार्मेसी काउन्सीलमा दर्ता भएको वा नेपाल सरकारले औषधि बिक्रि गर्न अनुमति प्रदान गरेको प्राप्त ब्यक्ति सञ्चालक रहने फार्मेसी/मेडिकल सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी/मेडिकल सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र अन्य प्रमाणपत्रका प्रतिलिपीहरु पेश गर्नु पर्नेछ ।

१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृतीं लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसी/मेडिकलको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

(४) जोखिमयुक्त फोहरको ब्यवस्थापन, वातावरण मैत्री इन्सिनेरेटर राख्नु पर्नेछ ।

१५. सहुलियत र छुटको ब्यवस्था गर्नु पर्नेः

निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ। छुट वा मिनाहा दिदा नेपाल सरकारले निर्धारण गरेको वर्ग अनुरुपको हुनेछ।

## परिच्छेदः४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

१६. स्वास्थ्यकर्मीको व्यवस्थापनः

नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्:

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु।

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु।

(३) अभ्यास कर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(४) महिला स्वास्थ्य स्वयंसेविकाहरु ।

१७. महिला स्वास्थ्य स्वयंसेविकाको ब्यबस्थाः

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्याउन र जनचेतना फैलाउन नगरपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ।

(१) महिला स्वयंसेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ।

(२) प्रत्येक वडामा आवश्यकताका आधारमा महिला स्वयंसेविकाहरु वडा समितिले नगरपालिकालाई सिफारिस गर्न सक्नेछ।

(३) प्रत्येक स्वयंसेविका र अभियर्ताहरुलेनक आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यस कार्यविधि लागु हुनुभन्दा पहिले देखिनै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरी बिदाइ गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइनेछ।

१८. स्वास्थ्यकर्मीको सेवा सुविधाः

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोके स्केल बमोजिम तलव र नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) महिला स्वास्थ्य स्वयंसेविकाः पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ

१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः

सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी स्वास्थ्य शाखा कार्यपालिकाको सिफारिसमा नगरसभाले निर्धारण गर्नेछ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ।

(२) सामुदायिक वा सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्था वा स्वाथ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईमा श्रेणी वा तहगत रुपमा वरिष्ठताका आधारमा प्रमुख हुनेछ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी– संयोजक

(ख) नगर प्रमुखले तोकेको अधिकृत स्तरको— कर्मचारी सदस्य

(ग) नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख— सदस्य सचिव

(४) छनौट समितिले आफ्नो मापदण्ड आफैले निर्धारण गर्न सक्नेछ।

२०. कर्मचारी सरुवाः

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा अनिवार्य सरुवा हुनुपर्नेछ। विशेष परिस्थिती जुनसुकै बेलामा सरुवा हुन सक्नेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगैँ रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ।

(४) आवश्यकताका आधारमा नगरपालिकाले जुनसुकै भुगोलका स्वास्थ्य संस्थामा कामकाज गर्न राख्न सक्नेछ।

(५) कर्मचारीहरुको काम र कर्तब्य

क) कर्मचारीहरुले तोकिएको समयमा कार्यालयमा आउने र कार्यालयबाट फर्कनु पर्नेछ।

ख) एक जना पारामेडिक्स र एक जना नर्सिंग कर्मचारी स्वास्थ्यमा अनिवार्य रहने गरी बाँकी रहेका कर्मचारीहरुलाई समुदायमा पठाउनु पर्नेछ।

ग) समुदायमा पठाउँदा पालो पालो प्रणाली लागु गर्नु पर्नेछ।

घ) समुदायमा जाने कर्मचारीहरुले लक्षित समुहलाई सेवा दिई त्यसको विवरण आफनो संस्थामा बुझाउनु पर्नेछ।

ङ) संस्थालाई आवश्यक परेको बेला समुदायमा खटिएका कर्मचारीहरुलाई प्रमुखले संस्थामा बोलाउन सक्नेछ।

च) कर्मचारीहरुलाई डायरी र झोला र कलमको ब्यवस्था गरिनेछ। आफुले दिएको सेवाको टिपोट अनिवार्य डायरीमा लेख्नु पर्नेछ।

छ) डायरीलाई अनुगमनकर्ताले समय समयमा अनुगमन गर्नु पर्नेछ।

ज) डायरी सकिएको अवस्थामा डायरी सकिएको प्रमाणित गरी पत्र पठाएमा नयाँ डायरी उपलब्ध गराउने ब्यवस्था गरिनेछ।

झ) उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरुस्कारको ब्यवस्था गरिनेछ। उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी कामको मापडण्ड अनुसार हुनेछ।

२१. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः

स्वास्थ्य सेवालाई बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

(१) नगरपालिका प्रमुखको रहोवरमा प्रमुख प्रशासकीय अधिकृतले आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुखसँग, शाखा प्रमुखले अन्य स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ। करार अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ।

२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याँकन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई सुधारको मौका दिई काममा खटाउनु पर्नेछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याँकन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्थाः

२३. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ

२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

२५. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था नगरपालिका आधारभूत स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्वन्धित आवश्यकताका आधारमा स्वास्थ्य तथा सरसफाई शाखाले माग गरे वमोजिम गर्नु पर्ने छ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ महिना भित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सो को जानकारी नगरपालिकामा बुझाउनु दिनु पर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति  मार्फत निर्धारित गुणस्तर र मूल्य भए/नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) पोषिलो खाना खान, शुद्ध पानी पिउन, सावुन पानीले हात धुन, चर्पीको प्रयोग गर्न र फोहरको उचित ब्यवस्थापन गर्न सबै नागरिकलाई अनिवार्य गर्नेछ ।

(२) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन           समितिले आवश्यक ब्यवस्था मिलाउनेछ ।

(३) प्रदुषण वढाउने उद्धोग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(४) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाल, दण्डजरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(५) उपदफा १ अनुसार अनिवार्य गरिएका बिषयमा सबै नागरिकहरुलाई कानुनको डायरामा ल्याई ब्यवहारमै लागु गर्नु पर्नेछ । अटेर गर्नेलाई प्रशासनीक कार्य र आर्थीक सुविधाबाट रोक लगाईनेछ ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति  र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा पेश गर्नु पर्नेछ ।

३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले प्रभाव क्षेत्र निक्र्यौल गरी विद्यालयहरु वन्द, गर्न अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु निर्धारण गर्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुले सुर्ती वा मदिरा जन्य खाद्य पदार्थ सेवन गर्न निषेध गरिनेछ । सेवन गरेको पाएमा कानुन बमोजिम कार्वाही गरिनेछ ।

३२. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले नियुत्ति घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले महिला स्वयंसेविकाहरु परिचालन गरी सवै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय,ढल र फोहरमैला ब्यवस्थित नभएकोकारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने उपर परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८

## विविध

३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल र स्वास्थ्य सेवा संचालन गर्ने गैह्र सरकारी संस्थाहरु सञ्चालनका लागि सिफारिस

(१). राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र र स्वास्थ्य सेवा संचालन गर्ने गैह्र सरकारी संस्थाहरु स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफरिश लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनु पर्नेछ

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ

(४) नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

(५) नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्नेः

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३५. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ । स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, नगरपालिकामा विस्तार गरिनेछ ।

३६. नियम बनाउने अधिकारः

यस कार्यविधि कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ

३७. बाधा अडकाउ फुकाउने अधिकारः

(१) यो कार्यविधी वा यस कार्यविधी अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिका कुनै प्रावधान हरु संघिय तथा प्रदेश कानुन संग बाँझिन गएमा वांझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले

लक्ष्मी प्रसाद उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत